| ऐन संख्या :- | ००८ |
|---|---|

# दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको विनियोजन विधेयक, २०७५

| | |
|---|---|
| सभाबाट स्वीकृत मिति :- | २०७५/०३/२९ |
| प्रमाणीकरण मिति : | २०७५/०३/३१ |
| स्थानीय राजपत्रमा प्रकाशित मिति : | २०७५/०४/११ |

**दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका**

**खोटाङ**

**१ नं प्रदेश**

दिरुमनपा, नगरपालिकाको कार्यालय

# दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको विनियोजन विधेयक, २०७५

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको आर्थिक बर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ।

**प्रस्तावना:**

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप—धारा (२) बमोजिम दिक्तेल रुपाकोट मझुवागढी नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको विनियोजन विधेयक, २०७५" रहेको छ ।

(२) यो ऐन आर्थिक बर्ष २०७५।०७६ को प्रारम्भबाट लागू हुनेछ ।

२. **आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

१) आर्थिक वर्ष २०७५।०७६ को निमित्त नगर कार्यपालिका, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ७३,३८,५०,०००।— (त्रिहत्तर करोड अठतिस लाख पचास हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, नगर कार्यपालिका र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

दि.रु.म.न.पा. नगर कार्यपालिकाको कार्यालय

तर, चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

**अनुसूची १**

**( दफा २ संग सम्बन्धित )**

**नेपालको संविधानको धारा २२९(२) बमोजिम**

**संचित कोषबाट विनियोजित हुने रकम**

| क्र.स. | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | जम्मा |
|---|---|---|---|---|
| १ | नगर कार्यपालिका | २१,५४,२६,०००।- | १४,५७,२०,०००।- | **३६,११,४६,०००।-** |
| २ | वडा समिति | ०।- | ५,१८,०४,०००।- | **५,१८,०४,०००।-** |
| ३ | विषयगत शाखा | ३२,०९,००,०००।- | ०।- | **३२,०९,००,०००।-** |
| | **जम्मा** | **५३,६३,२६,०००।-** | **१९,७५,२४,०००।-** | **७३,३८,५०,०००।-** |